# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत

### अधिकृतस्तर नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरूको अन्तरतह र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

सूचना नं.: ६०/२०८१-८२ | प्रकाशन मितिः२०८१/५/२८

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० बमोजिम लुम्बिनी प्रदेश सरकार मातहतका मन्त्रालय तथा निकायहरूमा देहाय बमोजिमका उल्लेखित सेवा, समुह र उपसमूहका नवौं तहका (प्राविधिक/अप्राविधिक) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेशबाट माग भएबमोजिमका पदहरूमा प्रदेश निजामती सेवा ऐन तथा नियमावली बमोजिम अन्तर तह र खुल्ला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमका पदहरूमा योग्यता पुगेका उम्मेदवारहरूबाट विद्युतीय (online) दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np/login बाट (online) दरखास्त दिनु पर्नेछ ।

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| (अ) अप्राविधिक तर्फ | | | | | |
| १ | ५०००१/०८१/८२ | उपसचिव/निर्देशक | प्रदेश प्रशासन/सामान्य प्रशासन | अन्तर तह | २ |
| २ | ५०००२/०८१/८२ | उपसचिव/निर्देशक | प्रदेश प्रशासन/सामान्य प्रशासन | खुल्ला | ३ |
| ३ | ५०००३/०८१/८२ | | | खस आर्य महिला | १ |
| ४ | ५०००४/०८१/८२ | | | आ.ज. महिला | १ |
| ५ | ५०००५/०८१/८२ | | | मधेशी महिला | १ |
| (आ) प्राविधिक तर्फ | | | | | |
| १ | ५४००१/०८१/८२ | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | प्रदेश वन/जनरल फरेष्ट्री | अन्तर तह | १ |
| २ | ५४००२/०८१/८२ | डिभिजन वन अधिकृत/वन उपनिर्देशक | प्रदेश वन/जनरल फरेष्ट्री | खुल्ला | १ |
| ३ | ५४००३/०८१/८२ | | | आ.ज. महिला | १ |
| ४ | ५४००४/०८१/८२ | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | प्रदेश वन/स्वायल एण्ड वाटर कन्जरभेसन | खुल्ला | १ |
| ५ | ५२००१/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/स्यानीटरी | खुल्ला | १ |
| ६ | ५२००२/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/वि.एण्ड आ. | खुल्ला | १ |
| ७ | ५२००३/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/ईरिगेशन | अन्तर तह | १ |
| ८ | ५२००४/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/ईरिगेशन | खुल्ला | २ |
| ९ | ५२००५/०८१/८२ | | | आ.ज. महिला | १ |
| १० | ५२००६/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/जनरल | खुल्ला | १ |

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| ११ | ५२००७/०८१/८२ | डि.ई. | प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/हाईवे | खुल्ला | १ |
| १२ | ५५००१/०८१/८२ | उपसचिव/उप निर्देशक | प्रदेश शिक्षा/शिक्षा प्रशासन | खुल्ला | १ |
| १३ | ५५००२/०८१/८२ | | | आ.ज. महिला | १ |
| १४ | ५३००१/०८१/८२ | मुख्य कृषि प्रसार अधिकृत | प्रदेश कृषि/कृषि प्रसार | खुल्ला | १ |
| १५ | ५३००२/०८१/८२ | मुख्य कृषि अर्थ विज्ञ | प्रदेश कृषि/एग्री.इको.एण्ड मार्केटिङ | खुल्ला | १ |
| १६ | ५३००३/०८१/८२ | मुख्य माटो विज्ञ | प्रदेश कृषि/माटो विज्ञान | खुल्ला | १ |
| १७ | ५३००४/०८१/८२ | मुख्य बाली विकास अधिकृत | प्रदेश कृषि/बाली विकास | खुल्ला | १ |
| १८ | ५३००५/०८१/८२ | मुख्य पशु चिकित्सक | प्रदेश कृषि/भेटिनरी | खुल्ला | १ |
| १९ | ५३००६/०८१/८२ | मुख्य पशु विकास अधिकृत | कृषि/ला.पो. एण्ड डे.डे. | खुल्ला | १ |
| २० | ५१००१/०८१/८२ | अस्पताल नर्सिङ प्रशासक | प्रदेश स्वास्थ्य/जनरल नर्सिङ | खुल्ला | १ |
| २१ | ५१००२/०८१/८२ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | प्रदेश स्वास्थ्य/ अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी | अन्तर तह | १ |
| २२ | ५१००३/०८१/८२ | कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट | प्रदेश स्वास्थ्य/ अब्स्ट्रेटिक्स तथा गाईनोकोलोजी | खुल्ला | १ |
| २३ | ५१००४/०८१/८२ | | | आ.ज. महिला | १ |
| २४ | ५१००५/०८१/८२ | कन्सलटेन्ट अर्थोपेडिक सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/अर्थोपेडिक सर्जरी | खुल्ला | १ |
| २५ | ५१००६/०८१/८२ | | | आ.ज. महिला | १ |
| २६ | ५१००७/०८१/८२ | कन्सलटेन्ट आयुर्वेद विज्ञ | प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद | खुल्ला | १ |
| २७ | ५१००८/०८१/८२ | कन्सलटेन्ट इ.एन.टी. सर्जन | प्रदेश स्वास्थ्य/ओटोरिनोल्यारिङ्गोलोजी | खुल्ला | १ |
| २८ | ५१००९/०८१/८२ | कन्सल्टेन्ट एनेस्थोलोजिष्ट | प्रदेश स्वास्थ्य/ एनेस्थेसियोलोजी | अन्तर तह | १ |
| २९ | ५१०१०/०८१/८२ | कन्सल्टेन्ट एनेस्थोलोजिष्ट | प्रदेश स्वास्थ्य/ एनेस्थेसियोलोजी | खुल्ला | १ |
| ३० | ५१०११/०८१/८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पे.मे. | खुल्ला | १ |
| ३१ | ५१०१२/०८१/८२ | | | आ.ज. महिला | १ |
| ३२ | ५१०१३/०८१/८२ | कन्सल्टेन्ट प्याथोलोजिष्ट | प्रदेश स्वास्थ्य/प्याथोलोजी | खुल्ला | १ |
| ३३ | ५१०१४/०८१/८२ | कन्सल्टेण्टरेडियोलोजिष्ट/रेडियो डाइग्नोसिष्ट | प्रदेश स्वास्थ्य/रेडियोलोजी | खुल्ला | १ |
| ३४ | ५१०१५/०८१/८२ | | | आ.ज. महिला | १ |
| ३५ | ५१०१६/०८१/८२ | कन्सलटेन्ट सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | अन्तर तह | १ |
| ३६ | ५१०१७/०८१/८२ | कन्सलटेन्ट सर्जन | प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी | खुल्ला | १ |
| ३७ | ५१०१८/०८१/८२ | कन्सलटेन्ट साईक्याट्रिष्ट | प्रदेश स्वास्थ्य/ साईक्याट्रि | खुल्ला | १ |
| ३८ | ५१०१९/०८१/८२ | कन्सलटेन्ट जनरल फिजिसियन | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | अन्तर तह | १ |
| ३९ | ५१०२०/०८१/८२ | कन्सलटेन्ट जनरल फिजिसियन | प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन | खुल्ला | १ |
| ४० | ५१०२१/०८१/८२ | जनस्वास्थ्य प्रशासक | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | अन्तर तह | १ |
| ४१ | ५१०२२/०८१/८२ | जनस्वास्थ्य प्रशासक | स्वास्थ्य/हेल्थ ईन्सपेक्सन | खुल्ला | २ |
| ४२ | ५१०२३/०८१/८२ | | | आ.ज. महिला | १ |
| ४३ | ५१०२४/०८१/८२ | मेडिकल ल्याब टेक्नोलोजिष्ट प्रशासक | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./जनरल मे.ल्या.टे. | खुल्ला | १ |

| क्र.सं. | विज्ञापन नं | पद | सेवा/समूह/उपसमूह | विज्ञापनको किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| ४४ | ५१०२५/०८१/८२ | स्वास्थ्य प्रशासक/मेडिकल सुपरिटेण्डेण्ट/मलेरियोलोजिष्ट | प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन | खुल्ला | १ |
| ४५ | ५१०२६/०८१/८२ | स्वास्थ्य शिक्षा प्रशासक | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | खुल्ला | १ |

**परीक्षाको किसिमः-** पाठ्यक्रममा तोकिए अनुसार (लिखित परीक्षा, मामिला अध्ययन, विश्लेषण, प्रस्तुतीकरण प्रशासन सेवाको हकमा) र अन्तर्वार्ता।

**परीक्षा केन्द्रः-** बुटवल।

**परिक्षा मिति,समय र स्थानः-** परीक्षा मिति सम्बन्धी जानकारी दरखास्त दस्तुर बुझाउने अन्तिम मितिको भोलीपल्ट आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np मार्फत प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली ppsconline.lumbini.gov.np मार्फत् दरखास्त पेश गर्नुपर्नेछ। दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण सोही वेबसाइटमा राखिएको User Manual मा रहेको छ। उम्मेदवारहरूले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरूले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नुपर्नेछ।

**दरखास्त दस्तुरः-** दरखास्त दस्तुर रु. १२००।- (एकहजार दुईसय) बुझाउनु पर्नेछ। थप समूह तथा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि रु. ५००/- (पाँचसय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको विद्युतीय दरखास्त (Online Application) प्रणालीबाट फाराम Submit गरिसकेपछि Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरी भुक्तानी गर्नु पर्नेछ। Online Payment गर्ने उम्मेदवारहरूले तोकिएकाहरूमध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिने छ। Offline Payment गर्ने उम्मेदवारहरूले तोकिएका बैंकहरूमध्ये कुनै एक बैंक छनौट गरी भौचर प्रिन्ट गरी सम्बन्धित बैंकमा गइ ढिलोमा दोब्बर दस्तुरको भोलिपल्टसम्ममा बुझाइ सक्नुपर्नेछ। यस सम्बन्धी विस्तृत विवरण वेबसाइटमा राखिएको User Manual मा छ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१।६।१८ गतेसम्म र दोब्बर दस्तुर तिरी २०८१।६।२९ गतेसम्म।

**उम्मेदवारको उमेरको हदः-**

- ❖ प्रचलित कानून अनुसारका निजामती सेवाका पदहरूमा २०८१।६।१८ सम्म २१ वर्ष उमेर पूरा भै ४५ वर्ष ननाघेको।
- ❖ संघीय र प्रदेश निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका तथा यो ऐन प्रारम्भ भएपछि संघीय निजामती सेवा वा स्थानीय सेवामा नियुक्ति भएका कर्मचारीहरूमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरू:-** दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकताको अगाडि तथा पछाडि दुवैतर्फको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो र हस्ताक्षर Scan गरी JPG Format मा तथा अन्य कागजातहरू जस्तै दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरूको हकमा समावेशी विवरण खुल्ने कागजातहरू सक्कल नै Scan गरी PDF Format मा तोकिएकै स्थानमा Upload गर्नुपर्नेछ।

*तोकिएको Format मा कागजात Upload नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकोले तोकिएको Format मै File Upload गर्नुपर्नेछ। प्रदेश लोक सेवा आयोग कार्यसञ्चालन निर्देशिका, २०७७ को दफा १३ बमोजिम दरखास्त पेश नभएमा वा लापरवाही तरिकाले पेश गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ख्याल गर्नुपर्नेछ॥*

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम।

**सेवा, शर्त र सुविधा:-** सेवा, शर्त र सुविधा सम्बन्धमा प्रचलित कानून बमोजिम हुने।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको सम्बन्धित मन्त्रालय तथा सम्बन्धित निकाय।

**आवश्यक न्यूनतम योग्यता:**

(क) **अन्तरतह प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवाको अन्तरतह प्रतियोगिता तर्फ दरखास्त दिन चाहने उम्मेदवारले निजामती सेवा ऐन २०८० को दफा १०(४) र प्रदेश निजामती सेवा नियमावलीको नियम ७० बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ।

२. प्रदेश निजामती सेवा ऐन २०८० को दफा १८ उपदफा(२) बमोजिम अयोग्य नभएको।

(ख) **खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक योग्यता**

१. प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा(२) बमोजिमको अनुभव प्राप्त।

२. प्रदेश निजामती सेवा ऐन ,२०८० को दफा १८, बमोजिम योग्य व्यक्ति खुला तथा समावेशी प्रतियोगितात्मक परिक्षाको लागि उम्मेदवार हुन सक्नेछन्।

(ग) **अन्तरतह/खुल्ला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक शैक्षिक योग्यता**

१. प्रदेश प्रशासन/सामान्य प्रशासन समूह उपसचिव/निर्देशक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट कला - (आर्टस्), संस्कृत, व्यवस्थापन, बाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षाशास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

२. प्रदेश वन सेवा/जनरल फरेष्ट्री समूह-डिभिजन वन अधिकृत/वन उपनिर्देशक पदका लागि: सातौ तहको पदमा सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थावाट सिल्भिकल्चर वा वनस्रोत मापन(फरेष्ट मेन्सुरेन्स) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

३. प्रदेश वन सेवा/स्वायल एण्ड वाटर कन्जरभेसन समुह-वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत पदका लागि: सातौं तहको पदमा सेवा प्रवेशको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थावाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि ईन्जिनियरिङ वा वातावरण वा प्राकृतिक स्रोत व्यवस्थापन वा जलवायु परिवर्तन विषयमा स्नातकोत्तर वा सो सरह उत्तिर्ण।

४. प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/स्यानीटरी डि.ई. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ वा स्यानीटरी इञ्जिनियरिङ वा पब्लिक हेल्थ इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको।

५. प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/वि.एण्ड आ.डि.ई.पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ वा स्ट्रक्चरल वा टाउन प्लानिङ वा क्वान्टिटी सर्भे वा अर्बान प्लानिङ बिषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको।

६. प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/ईरिगेशन डि.ई. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ वा वाटर रिर्सोस डेभलपमेन्ट वा हाइड्रोलजी वा वाटर युज मेनेजमेन्ट वा वाटर रिर्सोस इन्जिनियरिङ वा हाइड्रोलजिकल इन्जिनियरिङ वा ल्याण्ड एण्ड वाटर डेभलपमेन्ट वा हाईड्रो इन्फोरमेतिक्स वा सिभिल एण्ड मुनिसिपल इन्जिनियरिङ वा कन्स्ट्रक्सन मेनेजमेन्ट वा एप्लाइड जियो मर्फोलोजिकल एण्ड इन्जिनियरिङ जियोलफजिक सर्भे वा वाटर रिर्सोस म्यानेजमेन्ट वा इन्जिनियरिङ सर्भे वा जियोटेक्निकल इन्जिनियरिङ वा नेटुरल रिर्सोस म्यानेजमेन्ट वा हाइड्रोलिकल इन्जिनियरिङ विषयमा कम्तिमा स्नातकोत्तर उपाधी प्राप्त गरेको।

७. प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/जनरल डि.ई. पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

८. प्रदेश ईन्जिनियरिङ्ग/सिभिल/हाईवे डि.ई.पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ वा हाईवे इन्जिनियरिङ वा स्वायल मेकानिक एण्ड फाउन्डेशन इन्जिनियरिङ वा स्ट्रक्चरल इन्जिनियरिङ वा जियोटेक्निकल इन्जिनियरिङ वा बायो इन्जिनियरिङ वा इन्जिनियरिङ जियोलोजी वा म्यानेजमेन्ट एण्ड इम्पलिमेन्टेसन अफ डेभलप प्रोजेक्ट, कन्टक्सन इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट वा इन्जिनियरिङ प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्ट्रक्सन प्रोजेक्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशनल इन्जिनियरिङ वा ब्रिज इन्जिनियरिङ वा इन्भारोमेन्टनल इन्जिनियरिङ वा रिभर इन्जिनियरिङ वा ट्राफिक इन्जिनियरिङ वा इन्फ्रास्ट्रक्चरल इन्जिनियरिङ वा हाइड्रोलोजी इन्जिनियरिङ वा अर्थक्वइक इन्जिनियरिङ वा प्रोजेक्ट प्लानिङ एण्ड डेभलपमेन्ट वा अर्बान ट्रान्सपोर्ट प्लानिङ विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

९. प्रदेश शिक्षा सेवा/शिक्षा प्रशासन उपसचिव/उप निर्देशक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

१०. प्रदेश कृषि/कृषि प्रसार/ मुख्य कृषि प्रसार अधिकृत पदका लागि: सातौ तहको पदमा सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि प्रसार विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

११. प्रदेश कृषि/एगृ.इको.एण्ड मार्केटिङ/मुख्य कृषि अर्थ विज्ञ पदका लागि: सातौ तहको पदमा सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ इकोनोमिक्स वा एगृ बिजनेस वा एगृ मार्केटिङ वा एगृ फाइनान्स वा रिसोर्स इकोनोमिक्स मुख्य बिषय लिई स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

१२. प्रदेश कृषि/माटो विज्ञान/मुख्य माटो विज्ञ पदका लागि: सातौ तहको पदमा सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो विज्ञान विषयमा स्नातकोत्तर वा सो सरह उपाधी प्राप्त गरेको ।

१३. प्रदेश कृषि/बाली विकास/मुख्य बाली विकास अधिकृत पदका लागि: सातौ तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषय/बाली प्रजनन विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको।

१४. प्रदेश कृषि/भेटिनरी/मुख्य पशु चिकित्सक पदका लागि: सातौ तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरिनरी विज्ञान सम्बन्धि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।

१५. प्रदेश कृषि/ला.पो.एण्ड डे.डे./मुख्य पशु विकास अधिकृत पदका लागि: सातौ तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरी मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान सम्बन्धि विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

१६. प्रदेश स्वास्थ्य/जनरल नर्सिङ/अस्पताल नर्सिङ प्रशासक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा स्नातकोत्तर उपाधी प्राप्त।

१७. प्रदेश स्वास्थ्य/कन्सल्टेण्ट अब्स्ट्रेटिक्स एण्ड गाइनोकोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट गाइनोकोलोजिमा स्नातकोत्तर उपाधी प्राप्त।

१८. प्रदेश स्वास्थ्य/सर्जरी/अर्थो सर्जरी/कन्सल्टेण्ट अर्थोपेडिक सर्जन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थोपेडिक सर्जरीमा स्नातकोत्तर उपाधी प्राप्त।

१९. प्रदेश स्वास्थ्य/आयुर्वेद/जनरल/कन्सल्टेण्ट आयुर्वेदिक विज्ञ पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेदको कुनै बिषयमा स्नातकोत्तर उपाधी प्राप्त।

२०. प्रदेश स्वास्थ्य/ओटोरिनोल्यारिङ्गोलोजी/कन्सल्टेण्ट इ.एन.टी. सर्जन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट ओटीरिनो ल्यारिङ्गोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त।

२१. प्रदेश स्वास्थ्य/एनेस्थोलोजिष्ट/कन्सल्टेण्ट एनेस्थोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एनेस्थेसियोलोजिमा स्नातकोत्तर उपाधी प्राप्त गरेको।

२२. प्रदेश स्वास्थ्य/पेडियाट्रिक्स/पे.म./कन्सल्टेण्ट पेडियाट्रिसियन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त।

२३. प्रदेश स्वास्थ्य/प्याथोलोजी/कन्सल्टेण्ट प्याथोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनरल प्याथोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त।

२४. प्रदेश स्वास्थ्य/रेडियोलोजी/रेडियो डाइग्नोसिस/कन्सल्टेण्ट रेडियोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोलोजिमा स्नातकोत्तर उपाधि प्राप्त।

२५. प्रदेश स्वास्थ्य/सर्जरी/जनरल सर्जरी/कन्सल्टेण्ट सर्जन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल सर्जरीमा स्नातकोत्तर उपाधि प्राप्त।

२६. प्रदेश स्वास्थ्य/साईक्याट्रि/कन्सल्टेण्ट साईक्याट्रिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट साइक्याट्रिमा स्नातकोत्तर उपाधि प्राप्त।

२७. प्रदेश स्वास्थ्य/मेडिसिन/जनरल मेडिसिन/कन्सल्टेण्ट जनरल फिजिसियन पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल वा इन्टरनल मेडिसिन स्नातकोत्तर उपाधि प्राप्त।

२८. प्रदेश स्वास्थ्य/हेल्थ ईन्सपेक्सन/जनस्वास्थ्य प्रशासक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

२९. प्रदेश स्वास्थ्य/मे.ल्या.टे./जनरल मे.ल्या.टे./मिडिकल ल्याब टेक्नोलोजिष्ट प्रशासक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३०. प्रदेश स्वास्थ्य/पब्लिक हेल्थ एडमिनिस्ट्रेसन/स्वास्थ्य प्रशासक/मेडिकल सुपरिटेण्डेण्ट/मलेरियोलोजिष्ट पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. वा सो सरह उपाधि प्राप्त गरी जनस्वास्थ्य/कम्यूनिटि मेडिसिन विषयमा स्नातकोत्तर उपाधि प्राप्त।

३१. प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन/स्वास्थ्य शिक्षा प्रशासक पदका लागि: मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातकोत्तर उपाधि वा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह उत्तिर्ण।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन**

प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ।

**(क)** आदिवासी जनजातिका हकमा: नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।

**(ख)** मधेशीका हकमा : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गराएको कागजात। *स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लावाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयवाट लिएको, माथी उल्लेखित ऐनले तोकेका जिल्लामा विवाह गरी वा बसाइँसराई गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराईको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराई गरेको कागजात।*

**द्रष्टव्य**

**(क)** दोब्बर दस्तुर तथा थप भएको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।

**(ख)** आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

**(ग)** लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन।

**(घ)** लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ

**(ङ)** खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।

**(च)** निजामती सेवा ऐन, २०८० को दफा १० को उपदफा (१४) मा उल्लेख भएबमोजिम संघीय निजामती सेवा, सबै प्रदेशका निजामती सेवा वा सबै स्थानीय सेवामा कार्यरत रहेको कर्मचारी प्रदेश निजामती सेवाको खुल्ला वा अन्तरतह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको समान पदमा प्रतिस्पर्धा गर्न वा उम्मेदवार हुन पाउने छैन।

**(छ)** पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.lumbini.gov.np/list बाट प्राप्त गर्न सकिनेछ। सजिलोको लागि पदको नाम अथवा सम्बन्धित पदको Keyword टाइप गरी Search गर्न सकिनेछ।

दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनु पर्दछ तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त

साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरूको हकमा, यदि उक्त सिंगल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याई हुनेगरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सिंगल दस्तुरको अन्तिम मिति भित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष, सबै सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

**(ज)** माथी नखुलेका विषयहरू प्रदेश निजामती सेवा ऐन २०८० र नियमावली २०८० बमोजिम हुनेछ।

दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।